बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

**पत्र सङ्ख्या :-** प्र.३/१/२२/२०७९/०८०

**चलानी नं. :-** ९५

मिति:-२०७९/०४/०५

आ.व. २०७८/०७९ को सम्पत्ति विवरण पेश गर्ने बारे।

श्री सबै प्रदेश मन्त्रालय/सचिवालय/आयोग/कार्यालय,

श्री सबै जिल्ला समन्वय समिति (१३)

श्री सबै स्थानीय तह (११९)

बागमती प्रदेश

उपर्युक्त विषयमा आ.व. २०७८/०७९ को सम्पत्ति विवरण भरी पेश गर्ने सम्बन्धमा राष्ट्रिय सतर्कता केन्द्रबाट भएको च.नं. ११२०७००००१, मिति २०७५/०४/०४ र च.नं. ११२०७०००३१, मिति २०७५/०९/१२ को पत्रहरुमा उल्लेख भए अनुसार गर्ने गरी सम्पत्ति विवरण खामहरु यस कार्यालयमा बुझाउन ल्याउँदा देहाय बमोजिम गर्न गराउन हुन यस कार्यालयको मिति २०७९/०४/०५ मा निर्णय (प्रमुख सचिवस्तर) भएकोले सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ

१.राष्ट्रिय सतर्कता केन्द्रमा अनलाइन दर्ता गराइ सोको सफ्टकपी र हार्डकपी समेत ल्याउने र सम्पत्ति विवरण हुलाक मार्फत नपठाउने र यसरी हुलाकबाट प्राप्त हुन आएका सम्पत्ति विवरणको अभिलेख नराखिने।

२. सम्पत्ति विवरण बन्दी खाम बुझाउन ल्याउँदा राष्ट्रिय सर्कता केन्द्रमा अनलाइन दर्ता गरेको नंबर अनुसार खामहरुमा क्रमसंख्या मिलाएर मात्र ल्याउने ।

३. सम्पत्ति विवरण खामहरु बुझ्न बुझाउन सजिलो, छिटो गर्न र सोको व्यवस्थित अभिलेख राख्ने कार्य सहज बनाउन पालिकाहरुले पटक पटक आवत जावत गर्न नपर्ने र यस कार्यालयलाई जनशक्तिको अभावमा कार्यबोझ कम हुने गरी पालिकाहरुको जनप्रतिनिधि, शिक्षक, कर्मचारी आदि जो जसको सम्पत्ति विवरण बुझाउन ल्याउनु पर्ने हो । सो सबैको छुट्टाछुट्टै विवरण तयार गरी एकै पटक ल्याउने व्यवस्था मिलाउने।

४. पालिका र जि.स.स.का नव निर्वाचित जनप्रतिनिधिहरुको सपथ ग्रहण पछि पदवहाली भएका साठी दिनभित्र सम्पत्ति विवरण संकलन गरी राष्ट्रिय सतर्कता केन्द्रमा अनलाइन दर्ता गरी त्यसपछिको तीस दिन भित्र अभिलेखको लागि यस कार्यालयमा दर्ता विवरण सहित बुझाउन ल्याउने।

५. सम्पत्ति विवरण बुझाउने खाममा कतिपयले के के विवरण उल्लेख गर्नु पर्ने हो भनी फोनबाट सोधपुछ गरी रहनु भएकोले सोको सहजताको लागि तल दिइएको खामको नमूनामा उल्लेख भए बमोजिमको विवरण भरी पेश गर्ने ।

६. यस प्रदेश मन्त्रालय/सचिवालय/आयोग/कार्यालयहरुले आफू अन्तर्गतका निकायहरुमा कार्यरत सार्वजनिक पदधारण गरी यस कार्यालयबाट सेवा सुविधा लिने पदाधिकारी/कर्मचारीहरु (निर्वाचित, नियुक्त, मनोनित), को सम्बन्धित सचिवालयले सम्पत्ति विवरण संकलन गरी अभिलेखको लागि यस कार्यालयमा दर्ता गर्न ल्याउने। अन्य अस्थायी, करार कर्मचारीहरुको हकमा त्यहाँबाटै सम्पत्ति विवरण खाम संकलन तथा राष्ट्रिय सतर्कता केन्द्रमा अनलाईन दर्ता गरी अभिलेखको लागि सोको विवरण सहित यस कार्यालयमा तोकिएको समयमा बुझाउन ल्याउने ।

बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्या :- प्र.३/१/२२/२०७९/०८०

चलानी नं. :- ११८

७. सम्पत्ति विवरण बुझाउन ल्याउँदा एकै पटक भिडभाड हुन नदिने र पालिकाहरुबाट सम्पत्ति विवरण बुझाउन आउने कर्मचारीहरुले सकेसम्म लामो समयसम्म पालो पर्खिएर बस्न नपर्ने गरी समय व्यवस्थापन कार्य गर्न देहायका कर्मचारीहरुलाई सहजिकरणको लागि तोकिएकोले आवश्यकता अनुसार सम्पर्क गर्न सकिने ।

सम्पर्क कर्मचारीको विवरण

| सि.नं. | कर्मचारीको नामथर | | | कैफियत |
|---|---|---|---|---|
| | पद | नाम थर | सम्पर्क नम्वर | |
| १. | कम्प्युटर अधिकृतआठौं तह , | श्री राजु श्रेष्ठ | ९८४५५३८३४५ | |
| २. | अधिकृतसातौं तह , | श्री तीर्थराज उपाध्याय | ९८५५०६७४२५ | |
| ३. | अधिकृतछैठौं तह , | श्री हरिप्रसाद अधिकारी | ९८५५०२४५९५ | |
| ४. | सहायकपाँचौं , | श्री धुर्व सिंतान | ९८६५१९१२६३ | |

खामको नमूना

| आ .व.२०७८/०७९ को सम्पत्ति विवरण बन्दी खाम |
|---|
| राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन दर्ता नंवरः - |
| नाम थरः<br>पदः (पदाधिकारीको पद नाम खुलाउने)<br>कार्यरत निकायः- (पदाधिकारी भए आफु कार्यरत निकाय,जनप्रतिनिधि प्रमुख,उपप्रमुख//अध्यक्ष/उपाध्यक्ष भए पालिका र वडाका पदाधिकारी भए वडा समेत पालिका एवं शिक्षक कर्मचारी भएकार्यरत निकाय उल्लेख गर्ने)<br>मोवाइलः (अनिवार्य रुपमा उल्लेख गर्ने) |

२०७९/४/१४

(तीर्थ राज उपाध्याय)

अधिकृत सातौं

बोधार्थः

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिद्को कार्यालय

(सूचना तथा सञ्चार समन्वय शाखा)- वेभसाइटमा सूचना अपलोड गरि दिनु हुन।